# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०९ संख्या:०२ मिति:२०८२/०५/१९

## भाग १

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

### बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि,२०८२

# "बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०८२”

स्वीकृत मितिः२०८२/०५/१५

**<u>प्रस्तावना:-</u>** बन्दीपुर गाउँपालिका भित्र खेति योग्य जमिनहरूको सही उपयोग गरि बन्दीपुर गाउँपालिको समग्र कृषि विकासका साथै प्राविधिहरूको प्रयोग बर विस्तार गरि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषिमा परिवर्तन गरि स्थानीय सरकार सञ्चालन ऐन अनुसार तोकिएका सुविधा सुनिश्चित गर्न तथा उत्पादनको क्षेत्र विस्तार गरि कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनको लागि बन्दीपुर गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन २०७८” को दफा ६७ ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०८२“ रहने छ ।

(२) यो कार्यविधि बन्दीपर गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुने छ ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

क) “कार्यालय/गाउँपालिका” भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ

ख) “बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम” भन्नाले बन्दीपुर गाउँपालिकाको १७ औ गाउँ सभाबाट पारित भएका कृषि तर्फका कार्यक्रम सम्झनु पर्नेछ ।

ग) “शाखा” भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

घ) “कार्यविधि” भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास कार्यक्रमको कार्यविधि “बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०८२" सम्झनु पर्नेछ ।

ङ) "आवेदक” भन्नाले बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम सम्बन्धी सञ्चालन गर्न आवेदन दिएका कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा जल उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

च) “प्राविधिक” भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत कार्यरत कर्मचारी सम्झनु पर्नेछ ।

छ) “वडाहरु” भन्नाले बन्दीपुर गाउँपालिका ६ वटै वडा सम्झनु पर्दछ ।

ज) “प्रमुख” भन्नाले बन्दीपुर गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

झ) "उप-प्रमुख” भन्नाले बन्दीपुर गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

ञ) “अनुगमन समिति” भन्नाले बन्दीपुर गाउँपालिकाको गठित अनुगमन समिति सम्झनु पर्दछ ।

ट) “कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३. कार्यक्रमहरू :** बन्दीपुर गाउँपालिका कृषि विकास शाखाबाट देहाय बमोजिमको कार्यक्रमहरु सञ्चालन हुनेछ ।

१. मागमा आधारित तालिम कार्यक्रम
२. ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण कार्यक्रम
३. ५० प्रतिशत अनुदानमा करेसाबारी पोखरी निर्माण कार्यक्रम
४. ५० प्रतिशत अनुदानमा खाली मौरी घार वितरण कार्यक्रम
५. ५० प्रतिशत अनुदानमा धानको विउ वितरण कार्यक्रम
६. ५० प्रतिशत अनुदानमा व्यावसायिक किसानलाई आवश्यक सामग्री वितरण कार्यक्रम
७. अकबरे खुर्सानीमा ८०% अनुदान कार्यक्रम
८. आकस्मिक प्रकोप व्यवस्थापन बैठक तथा अनुगमन कार्यक्रम
९. नमूना फलफुल विकास कार्यक्रम
१०. बढ्दो विषादी प्रयोग न्यूनीकरण तथा रोकथामको लागि विद्यालय स्तरीय सचेतना कार्यक्रम
११. बाली उपचार शिविर कार्यक्रम
१२. माटोको गुणस्तर पहिचानको लागि माटो परीक्षण कार्यक्रम
१३. रोग किरा नियन्त्रणमा जैविक प्रविधि कार्यक्रम
१४. शत प्रतिशत अनुदानमा तोरीको विउ वितरण कार्यक्रम
१५. शत प्रतिशत अनुदानमा मसुरोको विउ वितरण कार्यक्रम

१६. साना सिँचाई विकास कार्यक्रम

१७. कृषि सम्बन्धी दिवसीय कार्यक्रम

१८. ५० प्रतिशत अनुदानमा मौरी सहितिको घार वितरण कार्यक्रम

१९. आधुनिक कृषि मेशिनरी कार्यक्रम

## परिच्छेद-३

**४. कार्यक्रम सञ्चालन गर्ने शाखाः-** यो कार्यक्रम बन्दीपुर गाउँपालिका कृषि विकास शाखाबाट सञ्चालन हुनेछ ।

**५. विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया :**

**१. मागमा आधारित तालिम कार्यक्रमः-**

उन्नत प्रविधिको प्रयोगबाट कृषी बजार विस्तार तथा सुदृढीकरण द्वारा उत्पादन र उत्पादकत्त्व वृद्धी गर्न, गाउँपालिकाको उपयुक्त हावापानीको उपभोग गर्दै तथा कृषकको मागको आधारमा तालिम सञ्चालन गरी कृषकलाई आत्मनिर्भर हुन तथा कृषकलाई आंशिक तथा दिर्घकालिन रोजगार प्रदान गर्न यस्ता तालिमले महत्वपूर्ण भुमिका खेल्ने छ।

क) बन्दीपुर गाउँपालिका द्वारा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त निवेदनहरुलाई उपयुक्तता बमोजिम अनुसूची २ का आधारमा मूल्याङकन गरि छनौट गरिनेछ ।

ख) तालिम संख्या मागका आधारमा विनियोजित बजेटलाई आधार मानी कार्यक्रम विस्तृतिकरणका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिसके पछी मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

ग) तालिम समुहगत /व्यक्तिगत रुपमा माग गर्न पाईनेछ जस्मा समुहगत रुपमा माग गर्ने आवेदकले तालिमका लागि आवश्यक संख्या कम्तीमा २० जना प्रशिक्षार्थी संख्या पुर्याउनेलाई मान्यता दिईनेछ ।

घ) तालिम कार्यक्रमको लागि विनियोजित बजेटका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्न सम्पूर्ण खर्च सहितको प्रस्तावना स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भई स्वीकृत प्रस्तावनाका आधारमा सञ्चालन गरिने छ ।

ङ) तालिमका लागि आवश्यक सामग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद गर्नुपर्ने छ ।

## २. ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण कार्यक्रम

क) बन्दीपुर गाउँपालिका भित्र खायन आलु वृद्धि गर्न कृषक/कृषि फर्म/कृषक समूह/सहकारीलाई मागका आधारमा ५०% अनुदानमा उन्नत जातका आलुको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

ख) कृषि विकास शाखाले बाली पात्रो निर्माण गरी बाली पात्रो अनुसार उन्नत विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ग) आलुको बिउ वितरणका लागि गाउँपालिकाले कम्तीमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गारि अनुसूची ३ अनुसारको निवेदनमा उल्लेखित मागका आधारमा लागत अनुमान तयार गरिनेछ र प्रस्ताव संकलन कार्य वडा वा कृषि विकास शाखाबाट हुनेछ ।

घ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिवाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

ङ) आलुको बिउ वितरण अगावै सहभागिताको ५० % बराबर लागत साझेदारी सङ्कलन गरिने छ र बिउ वितरण पश्चात बुझेको भरपाई कृषि विकास शाखालाई (बन्दीपुर गाउँपालिका को ग १.१ आन्तरिक अनुदान खाता नं. १४६४१५००२६९१२००४) उपलब्ध गराउनु पर्नेछ ।

## ३. ५० प्रतिशत अनुदानमा करेसाबारी पोखरी निर्माण कार्यक्रम

बन्दीपुर गाउँपालिका भित्र हुने कृषि व्यावसायमा सिंचाई व्यव्सथापनका लागि पानीको बचत गर्न सहज रुपमा पानीको उपलब्धता लाई सुनिश्चित गर्नका लागि यो कर्यक्रम सञ्चालन गरिने छ ।

क) कार्यक्रम सञ्चालनको लागि गाउँपालिकाले कम्तीमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गारि अनुसूची ३ अनुसारको निवेदन सहित आवेदन सङ्कलन गरिनेछ ।

ख) आवेदहरु अनुसूची १ अनुसाको समिती ले अनुसूची २ को आधारमा मूल्याङ्कन गरी छनौट गरिने छ ।

ग) कार्यक्रममा कृषक/कृषक समुह/ कृषि सहकारी तथा निजी फर्महरुलाई संलग्न गर्न सकिनेछ ।

घ) पोखरी निर्माण गर्दा गाउँपालिकाको प्राविधिकले तयार पारेको लागत ईष्टिमेटका आधारमा निर्माण गर्नु पर्नेछ ।

ङ) आवेदक छनौट पश्चात अनुसूची ४ को सम्झौता गरी कार्यकर्म सञ्चालन गरिने छ ।

च) कार्यक्रम सञ्चालनको लागि प्रति कृषक रु. १०,०००/- को दरले बजेट विनियोजन हुने छ ।

छ) निर्माण कार्य सञ्चालन भई सके पछि प्राविधिक मूल्याङ्कनको आधारमा कृषकको खातामा सोझै भुक्तानी गरिनेछ ।

**४. ५० प्रतिशत अनुदानमा खाली मौरी घार वितरण कार्यक्रम**

बन्दीपुर गाउँपालिका भित्रका चरन क्षेत्रलाई मध्यनजर गरी मौरी पालन व्यावसाय लाई विस्तार गर्दै कृषकहरुको आयआर्जन बढाउने र कृषि पर्यावरणलाई दिगो बनाउने, मौरी तथा मौरी जन्य उत्पादनमा बन्दीपुर गाउँपालिकालाई क्रमश आत्मनिर्भर बनाउदै जाने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गरिने छ ।

क) बन्दीपुर गाउँपालिका भित्र मौरीपालन व्यवसाय गर्न ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारीलाई आवेदन संकलनको लागि कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरि अनुसूची ३ अनुसारको निवेदन माग गर्ने छ ।

ख) कृषकले घार माग सम्बन्धित वडा कार्यालय वा गाउँपालिका कृषि विकास शाखामा गर्नु पर्ने छ ।

ग) मौरी पालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयमा दक्षता प्राप्त कृषक/कृषक समुह/कृषि सहकारीलाई प्राथमिकता दिई अनुदानग्राही छनौट गर्दा अनुसूची २ को आधारमा मुल्याङ्कन गरि विषयगत समिति वा आर्थिक विकास समिति मार्फत गर्न सकिने छ र घार ५०% अनुदानमा वितरण गरिने छ।

घ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिवाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

## ५. ५० प्रतिशत अनुदानमा धानको विउ वितरण कार्यक्रम

क) बन्दीपुर गाउँपालिका भित्र विउविजन वृद्धि गर्न कृषक/कृषि फर्म/कृषक समूह/सहकारीलाई मागका आधारमा ५०% अनुदानमा उन्नत जातका धानको बीउ प्रदान गर्न यो कार्यक्रमसंचालन गरिनेछ ।

ख) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत्त समक्ष पेश गर्नेछ।

ग) धानको बिउ वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गारि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गारि लागत अनुमान तयार गरिनेछ । प्रस्ताव संकलन कार्य वडा वा कृषि विकास शाखाबाट हुनेछ ।

घ) धानको बिउ वितरण अगावै सहभागिताको ५० % र बिउ बुझेको भरपाई कृषि विकास शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

ङ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

## ६. ५० प्रतिशत अनुदानमा व्यावसायिक किसानलाई आवश्यक सामग्री वितरण कार्यक्रम

स्थानीय तह अन्तर्गत कृषि पेशामा संलग्न व्यावसायिक किसानहरूलाई प्रोत्साहन गर्न, उत्पादनशीलता बढाउन तथा आधुनिक प्रविधिको प्रयोग सुनिश्चित गर्न ५० प्रतिशत अनुदानमा आवश्यक सामग्री वितरण गरिने कार्यक्रम सञ्चालन गरिन्छ।

क) व्यावसायिक रूपमा कृषि वा तरकारी खेती, फलफुल खेती आदि गरिरहेका किसानहरूलाई प्राथमिकता दिईने छ ।

ख) आवेदन पेश गर्दा व्यावसाय दर्ता भएका कृषकहरु हुनु पर्ने छ ।

ग) विपन्न, महिला, जनजाति, दलित, युवा तथा अपांगता भएका कृषकलाई प्राथमिकता दिई विषयगत समिति वा आर्थिक विकास समिति मार्फत छनौट गरिने छ।

घ) सामग्री वितरण गर्दा मागका आधारमा व्यावसाय सँग सम्बन्धित सामग्रीहरु विनियोजित बजेटको अधीनमा रही उपयुक्तता हेरी ५० % अनुदानमा वितरण गरिने छ ।

ङ) किसानलाई अनुसूची २ अनुसारको समितिले अनुसूची ३ का आधारमा मूल्याङ्कन गरी छनौट गर्नेछ ।

च) कृषकले लागत साझेदारी मबोजिमको रकम बन्दीपुर गाउँपालिकाको आ.अ.खा १४६४१५००२६९१२००४ मा जम्मा गर्नु पर्ने छ ।

छ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

## ७. अकबरे खुर्सानीमा ८०% अनुदान कार्यक्रम

बन्दीपुर गाउँपालिका भित्रका विविध हावापानीलाई मध्यनजर गरी उच्चतम हावापानीको सदुपयो गरी स्थानीय किसानको आय वृद्धि, स्थानीय उत्पादनमा आधारित व्यावसायिक कृषिको विकास, अकबरे खुर्सानीलाई व्यावसायिक र निर्यात योग्य बनाउनको लागि यो कार्यक्रम सञ्चालन गरिने छ ।

क) बन्दीपुर गाउँपालिका अन्तर्गत दर्ता कायम रहेको रहेका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्महरुले यस कार्यक्रममा सहभागी हुन पाउने छन् ।

ख) यस कार्यक्रममा छनौट अनुसूची २ अनुसार तथा भौगोलिक उपयुक्तताका आधारमा भई अनुसूची ४ अनुसार सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने छ ।

ग) यस कार्यक्रममा सहभागी आवेदकहरुका लागि ८० % अनुदानमा बीउ वितरण, सिँचाइ, प्लास्टिक टनेल,मल्चिङ प्लाष्टिक, कम्पोष्ट युनिट, सुकाउने मेसिन जस्ता उपकरणमा अनुदान, बाली संरक्षण सम्बन्धी आवश्यक सामग्री (बाली संरक्षण सामग्री खरिद कृषि विकास शाखा बाट हुने गरी) मा अनुदान तथा उपयुक्तताका आधारमा माग अनुसारका कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

घ) बीउ उत्पादन, नर्सरी व्यवस्थापन, खेत तयारी, मलजल व्यवस्थापन र कीट नियन्त्रण सम्बन्धी तालिम, व्यावसायिक कृषि, बजारिकरण र प्याकेजिङ्ग सम्बन्धी प्रशिक्षण दिन सकिने छ ।

ङ) यस कार्यक्रममा एक रोपनी भन्दा बढी क्षेत्रफल विस्तार गर्नु पर्नेछ ।

च) अकबरे खुर्सानी बिरुवा उत्पादन गर्न नर्सरी व्यवस्थापनका लागि उपयुक्त कृषक समुहलाई/कृषि सहकारीलाई पालिकाले जग्गा छनौट गरी कृषि विकास शाखाको निगरानीमा वा आफैले नर्सरी सञ्चालन गरिने छ ।

## ८. आकस्मिक प्रकोप व्यवस्थापन बैठक तथा अनुगमन कार्यक्रम

वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावको दृष्टि कोणले नेपाल उच्च जोखिममा रहेको छ र जलवायु परिवर्तनका कारण खडेरी, बाढी, पहिरो तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै जाने हुँदा यसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर पर्ने हुँदा प्रकोप व्यवस्थापनका लागि यो कार्यक्रम संचालन गरिनेछ ।

क) विभिन्न प्रकोप व्यवस्थापन र न्युनिकिकरण लागि अभिमुखिरण, सन्तुलित खाद्यतत्त्व व्यवस्थापनको लागि मल, रोग तथा किराको महामारी व्यवस्थापनको लागि विषादी साथै प्राविधिकको चेक जाँचका आधारमा कृषि चुन वितरण आदि कार्यक्रमहरु राख्न सकिनेछ ।

ख) विभिन्न प्रकोप व्यबस्थापन र न्यूनिकीकरण लागि आवश्यक अनुसार कृषि विकास शाखाको प्राविधिक प्रतिवेदन अनुसार शाखाले गाउँकार्यपालिकामा पेश गरी कार्यपालिकाको निर्णय अनुसार रकम समेत भुक्तान गर्न सकिने छ ।

## ९. नमूना फलफुल विकास कार्यक्रम

क) बन्दीपुर गाउँपालिका भित्र मागमा आधारित उन्नत जातका आँप,केरा,लिची,ड्रागन फ्रूट र एभोकाडो लगायत अमिलाजातको फलफुल विरुवाहरु इच्छुक कृषकलाई ५० % अनुदानमा प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

ख) फलफुलं विरुवा वितरण गर्दा सम्भाव्यताको आधारमा स्थान छनौट गरि त्यस स्थानलाई पकेटको रुपमा विकास हुने गरी एउटा प्रकारको मात्र विरुवा वितरण गरिने छ ।

ग) फलफुल विरुवा कृषि विकास शाखाले वाली पात्रो अनुसार वितरण कार्यक्रम तयार गारि स्वीकृतिका लागि कार्यपालिकामा वा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

घ) विरुवा वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गारि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गारि लागत अनुमान तयार गरिनेछ । प्रस्ताब संकलन कार्य वडा वा कृषि विकास शाखाबाट हुनेछ ।

ङ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

च) वितरण पश्चात लागत सहभागिताको ५० % र बिरुवा बुझेको भरपाई कृषि विकास शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

**१०.बढ्दो विषादी प्रयोग न्यूनीकरण तथा रोकथामको लागि विद्यालय स्तरीय सचेतना कार्यक्रम**

रासायनिक विषादीको प्रयोगबाट जीव जन्तु तथा वातावरणीय रुपमा हुन सक्ने असरहरुलाई मध्यनजर गरी यस्ता असरबाट बच्नका लागि अपनाउन सकिने उपायहरु के कस्ता असरहरु देखा पर्न सक्छ र विषादीको प्रयोगलाई कम भन्दा कम कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने चेतना विस्तारका लागि यो कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

क) बन्दीपुर गाउँपालिका भित्रका सामुदायिक तथा निजी विद्यालयहरुमा यो कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

ख) यो कार्यक्रम अभीमूखीकरणको रुपमा १ दिवसीय हुने छ ।

ग) कार्यक्रमको खर्च बन्दीपुर गाउँपालिकाको "पदाधिकारी तथा कर्मचारी सुविधा सम्बन्धि कार्यविधि २०७६" को अधिनमा रही गर्न सकिने छ ।

**११. बाली उपचार शिविर कार्यक्रम**

कृषकहरुले लगाएको बाली वस्तुहरुलाई रोग किराबाट बचाउन, कृषकहरुको आय आर्जन गर्न सहयोग पुग्ने, कृषकहरुले लगाएको बाली वस्तुको उत्पादनमा वृद्धि हुने, सुरक्षित विषादीको प्रयोगमा सहयोग पुग्ने, मानव स्वास्थ्य तथा वातावरण मैत्री बनाउनका लागि यो कार्यक्रम सञ्चालन गरिने छ ।

क) कृषकहरुले लगाएको बाली बस्तुको स्थलगत रुपमा १ दिने उक्त बाली उपचार शिविर संचालन गरिने छ ।

ख) बाली उपचार शिविर सञ्चालन गर्न पेशामा संलग्न कृपकहरुको सहभागिता हुनु पर्ने छ।

ग) बाली उपचार शिविर संचालन गर्ने क्रममा कृषकहरुले ल्याएको बाली बस्तुको अवस्था हेरेर आवश्यक विषादी एवं प्राविधिक सर-सल्लाह निःशुल्क दिइने छ ।

घ) बाली उपचार शिविर संचालन हुनु पूर्व संचालन गर्ने ठाउँमा व्यापक रुपमा प्रचार प्रसार हुनुपर्ने ।

ङ) बाली उपचार शिविर संचालन गर्दा सम्बन्धित ठाउँको वडा कार्यालयको समन्वयमा गर्नु पर्ने छ ।

च) बाली उपचार शिविरका लागि कृषि ज्ञान केन्द्र वा बाली संरक्षण प्रयोगशाला संग समन्वय गरी एक जना बाली संरक्षण संग सम्बन्धित प्रतिनिधिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सकिने छ ।

छ) शिविर सञ्चालनको लागि आवश्यक सामग्री उपलब्ध बजेटका आंधारमा प्रचलित नियामनुसार लागत अनुमान/प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृत गराई खरिद गर्न सक्ने छ ।

ज) शिविर सञ्चालनको लागि आवश्यक व्यवस्थापन खर्च बन्दीपुर गाउँपालिकाको तालिम, गोष्ठी कार्यशाला, अध्ययन भ्रमण एंव पदाधिकारी तथा कर्मचारी सुविधा सम्बन्धी कार्यविधि, २०७६ वमोजिम गर्न सकिने छ ।

## १२.माटोको गुणस्तर पहिचानको लागि माटो परीक्षण कार्यक्रम

विभिन्न बालीवस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्त्वहरु अम्लिए तथा क्षारियपना प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यक्ता अनुरुप खाद्यतत्व आपर्ति गर्न स्थलगत रुपमा कृषकको खेत बारीको माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक देखी यो कार्यक्रम राखिएको हो ।

क) बन्दीपुर गाउँपालिकाले कृषि ज्ञान केन्द्र तथा माटो वा मल परिक्षण प्रयोगशाला, पोखरा बाट १ जना माटो सँग सम्बन्धित प्राविधिक/विज्ञलाई कार्यक्रम सहजिकरणको लागि आमन्त्रण सक्नेछ।

ख) माटो शिविर बन्दीपुर गाउँपलिका कृषि विकास शाखाले बजेट र आवश्यक्ता अनुसार गाउँपालिका भित्रका प्रत्यक वडाको एक निश्चित स्थान छनौट गरि सञ्चालन गर्न सक्ने छ ।

ग) माटो शिविर १ देखी २ दिन सम्म कम्तिमा ५०० ग्राम सुकेको माटो ५० देखी १०० वटा सम्म नमुना सङ्कलन गरि परिक्षण गर्नेछ ।

घ) माटो परिक्षण किटबक्सको सहायताले सडक सञ्जालको व्यवस्था भएको र नभएको स्थानमा सञ्चालन गर्ने छ ।

ङ) माटो शिविर संचालन गर्ने क्रममा कृषकहरुले ल्याएको माटोको अवस्था हेरेर माटो सुधारका लागि आवश्यक सामग्री ढैचाको विउ, कृषि चुन, जिप्सम ७५% अनुदानमा वितरण गर्न सकिने छ ।

च) शिविर सञ्चालनको लागि आवश्यक सामग्री उपलब्ध बजेटका आंधारमा प्रचलित नियामनुसार लागत अनुमान/प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृत गराई खरिद गर्न सक्ने छ ।

छ) शिविर सञ्चालनको लागि आवश्यक व्यवस्थापन खर्च बन्दीपुर गाउँपालिकाको तालिम, गोष्ठी कार्यशाला, अध्ययन भ्रमण एंव पदाधिकारी तथा कर्मचारी सुविधा सम्बन्धी कार्यविधि, २०७६ वमोजिम गर्न सकिने छ ।

ज) माटोको नमूना परिक्षण पश्चात कृषकलाई अनुसूची ६ बमोजिमको माटो परिक्षण रिपोर्ट कार्ड प्रदान गरिने छ ।

## १३.रोग किरा नियन्त्रणमा जैविक प्रविधि कार्यक्रम

बन्दीपुर गाउँपालिका भित्र भइरहेका र आगामी दिनमा हुन आउने कृषि व्यावसायलाई प्राङ्गारिक कृषिको रुपमा विकास गर्नका लागि जैविक प्रविधिमा आधारित सामग्रीहरु वितरण गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

क) यस कार्यक्रममा संलग्न हुने कृषकहरु बन्दीपुर गाउँपालिका भित्रको हुनु पर्ने छ ।

ख) सामग्री वितरण गर्दा कृषकहरुलाई निःशुल्क रुपमा परि आएको जुन सुकै समयमा जुन सुकै समयमा वितरण हर्न सकिने छ ।

ग) कृषि बालीमा रोग किराको अवस्था हेरी समय समयमा जैविक प्रविधिमा आधारित विषादी, फेरोमेन, पासो तथा आवश्यक सामग्री प्रचलित ऐन कानून बमोजिम खरिद गरि वितरण गर्न सकिने छ ।

घ) सामग्री माग गर्ने किसानले अनुसूची ५ मा अल्लेखित विवरण पेश गरे पश्चात मात्र सामग्री प्रदान गर्न सकिने छ ।

**१४.शत प्रतिशत अनुदानमा तोरीको विउ वितरण कार्यक्रम**

क) बन्दीपुर गाउँपालिका भित्र तोरी बाली प्रवर्द्धन गर्न ईच्छुक कृषक/ कृषक समुह/सहकारीलाई मागका आधारमा उपयक्त स्थान छनौट गरी भौगोलिक परिवेशका आधारमा सुहाउको शत प्र तिशत अनुदानमा उन्नत जातका तोरीको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

ख) अनुदानग्राही  छनौट गर्दा अनुसूची २ को आधारमा मुल्याङ्कन गरि विषयगत समिति वा आर्थिक विकास समिति मार्फत गर्न सकिने छ ।

ग) तोरी खेती प्रवर्द्धन कार्रक्रममा भाग लिन ईच्छुक अनुदानग्राही  कम्तीमा १ रोपनीमा क्षेत्र विस्तार गर्नु पर्नेछ ।

घ) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ङ) तोरीकोको बिउ वितरणका लागि आवेदन छनौट गर्न ७ दिनको सार्वजनिक सूचना प्रकाशन गारि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गरि लागत अनुमान तयार गरिनेछ ।

च) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**१५.शत प्रतिशत अनुदानमा मसुरोको विउ वितरण कार्यक्रम**

बन्दीपुर गाउँपालिका भित्र मुसुरो खेती विस्तार गर्न ईच्छुक कृषक/ कृषक समुह/सहकारीलाई मागका आधारमा उपयक्त स्थान छनौट गरी भौगोलिक परिवेशका आधारमा सुहाउको शत प्रतिशत अनुदानमा उन्नत जातका मुसुरोको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

क) मुसुरो खेती विस्तार कार्यक्रममा भाग लिन ईच्छुक अनुदानग्राही  कम्तीमा १ रोपनीमा क्षेत्र विस्तार गरी उत्पादन गर्नु पर्नेछ ।

ख) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ग) मुसुरोको बिउ वितरणका लागि आवेदन छनौट गर्न ७ दिन सम्म सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गरी लागत अनुमान तयार गरिनेछ ।

घ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

**१६.साना सिँचाई विकास कार्यक्रम**

यो कार्यक्रम बन्दीपुर गाउँपालिकाको " साना सिंचाई कार्यक्रम सञ्चालन कार्यविधी ,२०७७" अनसुार सञ्चालन हुनेछ।

**१७.कृषि सम्बन्धी दिवसीय कार्यक्रम**

विभिन्न कृषि बाली तथा कृषि सँग सम्बन्धित विषयको प्रवर्द्धन र प्रचार प्रसारका लागि नेपाल सरकार द्वारा घोषणा भएको मितिमा दिवसहरु मनाउनका लागि यो कायक्रम सञ्चालन गरिने छ ।

क) कार्यक्रम १ दिन सम्मको हुने छ ।

ख) दिवस सँग सम्बन्धित विषयमा प्रचार प्रसार गर्नका लागि विभिन्न प्रदर्शनी, मेला, महोत्सवको आयोजना गर्न सकिने छ ।

ग) दिवस उपलब्ध बजेटका आंधारमा प्रचलित नियामनुसार तयार भएको  लागत अनुमान/प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने छ ।

**१८.५० प्रतिशत अनुदानमा मौरी सहितिको घार वितरण कार्यक्रम**

बन्दीपुर  गाउँपालिका भित्रका चरन क्षेत्रलाई मध्यनजर गरी मौरी पालन व्यावसायलाई विस्तार गर्दै कृषकहरुको आयआर्जन बढाउने र कृषि पर्यावरणलाई दिगो बनाउने, मौरी तथा मौरी जन्य

उत्पादनमा बन्दीपुर गाउँपालिकालाई क्रमश आत्मनिर्भर बनाउदै जाने उद्देश्यका साथ उपयुक्त स्थान छनौट गरी यो कार्यक्रम सञ्चालन गरिने छ ।

क) बन्दीपुर गाउँपालिका भित्रका मौरीपालन व्यवसाय गर्न ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारीलाई आवेदन संकलनको लागि कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरि अनुसूची ३ अनुसारको निवेदन माग गर्ने छ ।

ख) कृषकले घार माग सम्बन्धित वडा कार्यालय वा गाउँपालिका कृषि विकास शाखामा गर्नु पर्ने छ ।

ग) मौरी पालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयमा दक्षता प्राप्त कृषक/कृषक समुह/कृषि सहकारीलाई प्राथमिक्ता दिई अनुदानग्राही छनौट गर्दा अनुसूची २ को आधारमा मुल्याङ्कन गरि विषयगत समिति वा आर्थिक विकास समिति मार्फत गर्न सकिने छ र गोला सहितको घार ५०% अनुदानमा वितरण गरिने छ।

घ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिवाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

**१९.आधुनिक कृषि मेशिनरी कार्यक्रम**

यो कार्यक्रम बन्दीपुर गाउँपालिकाको “कृषि यन्त्रिकरण कार्यविधि,२०७७” बमोजिम सञ्चालन हुने छ

## परिच्छेद-४

### ६. भुक्तानी प्रक्रिया

क) कार्यक्रम सञ्चालनको लागि कृषि विकास शाखाबाट संचालन हुने कार्यक्रम बाहेक अन्य कार्यक्रमका लागि पेश्की रकम उपलब्ध गराइने छैन। कार्य प्रगति/कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ।

ख) शतप्रतिशत काम सम्पन्न भएपछि मात्र भुक्तानी गरीनेछ, वा शतप्रतिसत कार्य सम्पन्न नहुने अवस्थामा कार्यसम्पन्न मूल्याङ्कनको आधारमा भुक्तानी दिईनेछ ।

ग) रकम भुक्तानी गर्दा अनुदानग्राहीको व्यवसायिक फर्म/कृषक समूह/कृषि सहकारी वा कृषकको व्यक्तिगत बैङ्क खातामा सोझै भुक्तानी गरीनेछ ।

घ) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको कागजात तथा प्रक्रिया पुरा गरेपछि मात्र रकम भूक्तानी गर्नेछ,

- भुक्तानी माग निवेदन,
- वडा कार्यालयको सिफारिस,
- अनुगमन समितिको अनुगमन प्रतिवेदन,
- आवश्यकता अनुसारका बिल,भरपाई, डोरहाँजिर तथा सम्बन्धीत कागजात,
- काम सुरु हुनुभन्दा पहिलेका र काम सम्पन्न भए पश्चातका रंगिन फोटोहरु,
- कार्यक्रमको प्रकृति अनुसार अन्य आवश्यक कागजातहरु
- कार्यक्रमको रकम भुक्तानी गर्दा नियमानुसार करकट्टी र पुजिगत निर्माण कार्य भएकोमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरीनेछ। उक्त रकम प्रचलित कानुन अनुसार खर्च गर्न सकिनेछ।
- सम्झौतामा भए बमोजिमका कार्य नभएमा गाउँपालिकाले त्यस्ता अनुदान ग्राहीहरुलाई भुक्तानी दिन बाध्य हुने छैन् ।

## परिच्छेद-५
## विविध

**७. कारबाहीको व्यवस्था** :- सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसंग प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

**८. गाउँपालिकाको निर्णय बमोजिम हुने** :- यस कार्यविधिमा उल्लेख भएका विषयबस्तुको सम्बन्धमा कुनै अस्पष्टता भए सोको व्याख्या गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**९. अनुदान प्राप्त नहुने** :- संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने समान प्रकृतिका कार्यक्रम तथा परियोजनाका लागि दोहोरो हुने गरी अनुदान प्रवाह गरीने छैन साथै कार्यक्रम सञ्चालनको लागी आवेदन दिने आवेदकहरु २ आ.व सम्म सोही कार्यक्रममा अनुदान रकम लिएको पाईएमा सोतः रद्द हुने छ ।

**१०. बाधा अड्चन, निरुपण र संशोधन**

क) यस कार्यविधि कार्यान्वयनमा बाधा, अड्चन वा विवाद भएमा सोको निरुपण बन्दीपुर गाउँ कार्यपालिकाले गर्नेछ।

ख) यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. संशोधन :-** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट थपघट, हेरफेर, संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

अनुसूची १

**विषयगत समिति**

**परिच्छेद ३ को दफा ५ उपदफा ३(ख),६(ङ) सँग सम्बन्धित**

कृषि क्षेत्रमा सहुलियत र अनुदान प्रदान गर्नको लागि देहाय बमोजिमको एक अनुदान सिफारिस सामिति गठन हुनेछ ।

क. आर्थिक विकास समितिको अध्यक्ष संयोजक

ख. पशुपन्छी विकास शाखा प्रमुख — सदस्य

ग. गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला सदस्य सहित दुई जना कार्यपालिका सदस्य- सदस्य

घ. गाउँपालिका अध्यक्षले तोकेको कृषि तथा पशुपन्छी व्यवसायीहरुको तर्फबाट एक जना महिला सहित दुई जना प्रतिनिधि - सदस्य

ङ. कृषि विकास शाखाको प्रमुख - सदस्य सचिव

अनुसूची २

**परिच्छेद ३ को दफा ५ उपदफा ३(ख), ४(ग), ६(ङ), ७(ख),१४(ख) र १८(ग) सँग सम्बन्धित**

मूल्याङ्कनको अधारहरु

| | | |
|---|---|---|
| १ | व्यवसायिक कृषक | २० |
| २ | सम्बन्धित विषय सँग दुई वर्ष देखि संलग्न हुदै आएको | १० |
| ३ | विगत २ वर्ष देखी सोही प्रकारको अनुदान नलिएको | १० |
| ४ | विपन्न दलित तथा महिला | १० |
| ५ | व्यसायिक योजाना सहित आउने कृपक | ३० |
| ६ | सडक सञ्जाल तथा बजार सहजताको अवस्था | १० |
| ७ | बैदेशिक रोजगार बाट फर्केका युवाहरू | १० |
| जम्मा | | १०० (कम्तिमा ४० अंक प्राप्त गर्ने कृषकहरु अनुदान तथा तालिमका लागि योग्य मानिनेछ ।) |

अनुसूची ३

**परिच्छेद ३ को दफा ५ उपदफा २ (ग), ३(क), ४ (क), ५(ग), ६ (ङ), ९(घ),१४(ङ),१५(ग),१८(क) सँग सम्बन्धित**

निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ

विषय :-कार्यक्रमको लागि आवेदन दर्ता गरिदिन हुन् ।

उपरोक्त सम्बन्धिमा यस बन्दीपुर गाउँपालिका कृषि विकास शाखाको लागि आ.व २०८२/८३ को लागि वार्षिक स्वीकृत ......................................................कार्यकम अनुसार गाउँपालिकाबाट मिति.................. गतेका दिन प्रकाशित सूचना बमोजिम यस कार्यक्रम सञ्चालनको लागि म पनि ईच्छुक रहेको हुँदा मेरो आवेदन दर्ता गरिदिन हुन् विनम्र अनुरोधका साथ आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**निवेदक**

नाम-

ठेगाना

फोन नं.

हस्ताक्षर

समुह/ सहकारी/फर्मको नाम —

संस्थाको छाप

अनुसूची ४

परिच्छेद ३ को दफा ५ उपदफा ३(ख), ७ (ख) सँग सम्बन्धित

**समझौताको ढाँचा**

बन्दीपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बन्दीपुर तनहुँ

यो सम्झौता पत्र **बन्दीपुर गाउँपालिका** (यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला बन्दीपुर गाउँपालिका वडा नं. ...... मा सञ्चालित **.........................** (यस पछि दोस्रो पक्ष भनिने) बीच ......................... कार्यक्रम सञ्चालन गर्ने गरी तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

**शर्तहरु**

१. यो सम्झौता, सम्झौता भएको मिति .................. देखि प्रारम्भ भएको मानिनेछ ।

२. यो सम्झौतामा सलग्न स्वीकृत इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति ................... सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

३. यस सम्झौता बमोजिमको कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

४. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि प्रथम पक्ष मार्फत अनुदान स्वरूप रु. **............ (अक्षरुपी ............. मात्र)** र दोस्रो पक्षको लागत सहभागिता रु. **.............(अक्षरुपी .................... मात्र)** व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको .......................... कार्यक्रम सञ्चालनका लागि अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए सोको जानकारी प्रथम पक्षलाई गराउनु पर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रमको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।

८. दोस्रो पक्षले मेशिनरी खरिद गरिसके पछी पहिलो पक्षबाट प्राप्त अनुदान प्रतिशत प्रष्ट देखिने गरि ट्यागमा खुलाउनु पर्ने ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्ष समक्ष फोटो, बील पेश भएको मितिले सकेसम्म सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको खातामा बैंक मार्फत भुक्तानी दिनेछ ।

१०. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

११. दोस्रो पक्षले सम्झौताको शर्त र कार्यतालिका बमोजिम मिति ................... सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१२. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१३. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **दोस्रो पक्ष** | **रोहबर** | **पहिलो पक्ष** |
|---|---|---|
| हस्ताक्षर :- | हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम :- | नाम :- | नाम :- |
| पद :- | पद :- | पद :- |
| ठेगाना :- | | संस्थाको छाप :- |
| संस्थाको छाप :- | | |

ईति सम्वत् .......... साल ........ महिना ....... गते ... रोज शुभम् ।

अनुसूची ५

परिच्छेद ३ को दफा ५ उपदफा १३ (घ) सँग सम्बन्धित

**बन्दीपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बन्दीपुर, तनहुँ**

रोगकिरा नियन्त्रणमा जैविक प्रविधि कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकको विवरण

मिति

नाम थर -

ठेगाना -

समूह/फर्म/सहकारीको नामः-

सम्पर्क नं. -

**कृषकले भर्नुपर्ने**
**विवरणः-**

| क.स. | वालीको विवरण /नाम | वालिमा देखिएको समस्या/लक्षण | वालिको क्षेत्रफल (रो.) | माग गरिए को संख्या | सिफारिस | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | ल्यूर/ट्र्याप/जैविक विषादीको नाम | संख्या | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

नामः-

ठेगानाः-

सम्पर्क नं.:-

हस्ताक्षर

अनुसूची ६

**सूचनाको ढाँचा**

बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर तनहुँ

..........................कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ................

प्रस्तुत विषयमा यस बन्दीपुर गाउँपालिकाको आ.व २०८२/८३ को लागि वार्षिक स्वीकृत ....................................कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्नु पर्ने भएको हुदा बन्दीपुर गाउँपालिका भित्रका इच्छुक कृषक/कृषि फर्म/ कृषक समूह/कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र यस कार्यालयमा तोकिएको कागजात सहित प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क.स | क्रियाकलाप | बजेट रकम रु.( हजारमा) | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**आवश्यक कागजातहरु**

१. कृषि फर्म/ कृषक समूह / कृषि सहकारी दर्ता, नविकरण तथा कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि
२. कार्यक्रम मागको सक्कल निवेदन,
३. कृषक समुह/ सहकारीको हकमा कार्यक्रम मागको निर्णय प्रतिलिपि,
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस,
६. सोही शिर्षकमा अन्य निकायबाट अनुदान नलिएको स्वघोषणा पत्र,

अनुसूची ७

परिच्छेद ३ को दफा ५ उपदफा १२ (ज) सँग सम्बन्धित

बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

बन्दीपुर, तनहुँ

# माटो परिक्षण रिपोर्ट कार्ड

**कृषक विवरण**

नाम :

जिल्ला : तनहुँ

पालिका : बन्दीपुर गाउँपालिका वडा नं.

टोल /ठेगाना :

सम्पर्क नं.

पूर्व बाली :

**नमुना विवरण**

माटोको नमुना नं

संकलन मिति :

जग्गाको प्रकार :

भौगोलिक क्षेत्र :

कुल क्षेत्रफल (रोपनी) :

लगाउन खोजेको बाली :

## माटो परिक्षण नतिजा

| सूचक | परिमाण | | |
|---|---|---|---|
| | अधिक | मध्यम | कम |
| माटोको पि.एच. | | | |
| नाईट्रोजन(N) | | | |
| फस्पोरस (P) | | | |
| पोटास (K) | | | |

**सुझाव -**

................ तयार गर्ने

................. प्रमाणित गर्ने

आज्ञाले

कमल बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत